प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष–१६ ।। अङ्क : ७२ ॥ २०८१ वैशाख ०७ गते शुक्रबार (19th Apr 2024 Friday) Pratidin National Daily मूल्य–रु.५/–

# झापा गाउँपालिकाको शैक्षिक स्तर खस्कियो



झापा(प्रस) । कक्षा ८ को परीक्षाफलले झापा गाउँपालिकाको शिक्षाको खस्किदो स्तरलाई उदांगो पारिदिएको छ ।

कक्षा ८ मा झापा गाउँपालिकाका चारवटा सामुदायिक विद्यालयको नतिजा निल भएको छ । त्रिभुवन , कुवाडी , महेन्द्र र सरस्वती माविको नतिजा निल भएको हो । त्रिभुवनका ४९ , कुवाडीका ४१ , महेन्द्रका ३६ र सरस्वतीका २३ जना विद्यार्थीले परीक्षा दिएकोमा सबै जना फेल भएका छन् । त्यस्तै दुईवटा सामुदायिक विद्यालयले १० प्रतिशतभन्दा कम नतिजा ल्याएका छन् ।जनता माविका ६५ जना विद्यार्थीहरुले परीक्षा दिएकोमा ३ जना मात्र उत्तीर्ण भएका छन् भने डिल्लीराज माविका ११ जना मात्र उत्तीर्ण भएका छन् जबकि सो विद्यालयका १३९ जना विद्यार्थीले परीक्षा दिएका थिए ।

त्यस्तै ३ वटा सामुदायिक विद्यालयले २० प्रतिशतभन्दा कम नतिजा ल्याएका छन् ।जनकल्याण माविका ५१ जना विद्यार्थीले परीक्षा दिएकोमा ८ जना अर्थात १५.६८ प्रतिशत , सिमलवारी माविका २९ जना विद्यार्थीले परीक्षा दिएकोमा ४ जना अर्थात १३.७९ प्रतिशत र भृकुटी माविका ४३ जना विद्यार्थीले परीक्षा दिएकोमा ७ जना अर्थात १६.२७ प्रतिशत उत्तीर्ण भएका छन् । रामजानकी माविले भने ४२.८५ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएको छ । सो विद्यालयका तर्फबाट १४ जना विद्यार्थीले परीक्षा दिएकोमा ६ जना उत्तीर्ण भएका हुन् ।

निजी विद्यालयको परीक्षाफल पनि त्यति सन्तोषजनक छैन । ८ वटा विद्यालय परीक्षामा सहभागी भएकोमा ४ वटाको मात्र परीक्षाफल सन्तोषजनक देखिएको छ । अन्य ४ वटाको त्यति चित्तबुझ्दो रहेको छैन । चन्द्रज्योतिले ८९.१८ प्रतिशत , गौतमबुद्धले ८८.८८ प्रतिशत , जय पाथीभराले ८७.५ प्रतिशत र साउथ होराइजनले ८४.६१ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएका छन् । राम्रो नतिजा नल्याउने निजी विद्यालयहरुमा वन्डरलाइफ ३१.२२ प्रतिशत , टाइनिटस ४५.४२ प्रतिशत, सेन्ट जेभियर ६० प्रतिशत र लोयलाले मात्र ६२.९६ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण गराउन सकेका छन् ।झापा गाउँपालिकाले कक्षा ८ को परीक्षा गराएको थियो । झापा गाउँपालिकाको शैक्षिक स्तर खस्किएको स्वीकार गर्दै शिक्षा शाखा प्रमुख जीवनप्रसाद ढकालले यो नतिजाले शिक्षाको वास्तविक अबस्था उदांगो पारिदिएको बताए । उनले अब गाउँपालिका , विद्यालय , शिक्षक , विद्यार्थी , अभिभावक गंभीर हुनुपर्ने आबश्यकता औंल्याए । कक्षा ८ मा दुई विषयसम्म अनुत्तीर्ण विद्यार्थीका लागि पालिकाले ग्रेडबृद्धि परीक्षा गर्ने भएको छ । झापा गाउँपालिकामा सामुदायिक , संस्थागत र परम्परागत गरी १९ वटा विद्यालय रहेका छन् ।

# नेपाल-भुटान व्यापारमा ठूलो खाडल
## नौ महिनामा ५० करोडभन्दा बढी घाटा

• लक्ष्मी उप्रेती

मेचीनगर । भारत र बंगलादेशसँगको व्यापारमा घाटा खेपिरहेको नेपालले भुटानसँग पनि बर्सेनि घाटा बेहोरिरहेको छ । पूर्वी काँकरभिट्टा नाकाबाट मात्र मुलुकले चालु आर्थिक वर्ष २०८०-०८१ को पहिलो नौ महिनामा भुटानसँग ५० करोड रुपैयाँभन्दा बढी घाटा बेहोरिसकेको छ ।



नेपालले निर्यात गर्ने मालवस्तुको तुलनामा आयात बढी भएका कारण साउनदेखि चैत महिनाको अन्त्यसम्म यी दुई देशबीच हुने व्यापार भुटानको पक्षमा मजवुत छ। भूगोल, जनसंख्या तथा यातायात पूर्वाधारका हिसाबले नेपालभन्दा सानो मुलुक हो भुटान ।

यो अवधिमा आफूभन्दा सानो मुलुक भुटानबाट नेपालले ९० करोड ५७ लाख २८ हजार रुपैयाँ मूल्य बराबरको मालवस्तु आयात गर्दा ४० करोड ५६ लाख १५ हजार रुपैयाँ मूल्य बराबरको सामान काँकरभिट्टा हुँदै पठाएको मेची भन्सार कार्यालयले जनाएको छ । आयातभन्दा निर्यात ५५ प्रतिशतले कम भएका कारण नौ महिनामा नेपालले ५० करोड ११ लाख ३ हजार रुपैयाँ व्यापार घाटा बेहोरेको कार्यालयका सूचना अधिकारी भन्सार अधिकृत गणपति कँडेलले जानकारी दिए ।

उनका अनुसार गत आर्थिक वर्षको सोही अवधिमा नेपालले भुटानसँग ६६ करोड ६४ लाख ३८ हजार रुपैयाँ बराबरको व्यापार घाटा बेहोरेको थियो । ९६ करोड ३७ लाख ३९ हजार रुपैयाँ बराबरको सामान आयात गर्दा नेपालले २९ करोड ७२ लाख ९८ हजार रुपैयाँ मूल्यको मात्र सामान निर्यात गरेको कार्यालयको अभिलेखले देखाएको छ । जुन आयातको तुलनामा निर्यात ६९ प्रतिशतले कम हो । तर, अघिल्लो आवको तुलनामा आयात भने ५ करोड ८० लाख ८ हजार रुपैयाँ अर्थात ६ दशमलव शुन्य २ प्रतिशतले कम भएपनि निर्यात भने

❖ बाँकी अन्तिम पृष्ठमा

## बिर्तामोड नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा, बिर्तामोड, झापा

## सूचना सूचना सूचना

मिति : २०८१/०१/०६

प्रस्तुत विषयमा बिर्तामोड नगरपालिकाअन्तर्गत बालविकास कक्षा/पूर्व प्राथमिक कक्षादेखी कक्षा १२ सम्म अनुमति/स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको सञ्चालित कक्षासहित तपसिल अनुसार विवरण प्रकाशन गरिएको छ । सम्पूर्ण विद्यालयहरु तथा अभिभावकज्यूहरुले यो सूचनामा उल्लेखित विद्यालय तथा कक्षाहरुमा विद्यार्थी भर्ना गर्नु गराउनु हुन सूचित गरिन्छ । सूचनामा उल्लेखित विद्यालय तथा कक्षाहरुमा भन्दा अन्य अनुमति/ स्वीकृति नपाएका विद्यालय/कक्षाहरुमा विद्यार्थी भर्ना गरे गराएमा सम्बन्धित विद्यालयलाई कानूनी कारबाही हुने तथा विद्यार्थी अभिलेखिकरणसमेत नहुने भएकोले सो को जिम्मेवारी सम्वन्धित विद्यालय एवं अभिभावक नै हुनुपर्न कुरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । तपसिलमा उल्लेख भएका विद्यालय / कक्षाभन्दा बाहेकका विद्यालय /कक्षामा विद्यार्थी भर्ना गरी पठनपाठन गराएको पाइएमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा जानकारी गराइ सहयोग गर्नु हुनसमेत अनुरोध छ ।

**संस्थागत विद्यालयहरुको नाम,ठेगाना तथा सञ्चालित कक्षा**

| क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमति प्राप्तकक्षा | क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमतिप्राप्त कक्षा |
|---|---|---|---|---|---|---|---|
| १ | बाल संसार प्रि स्कूल | १ | पूर्व प्रा. | २७ | अवाकस वोर्डिङ स्कूल | ४ | पूर्वप्रा - १२ |
| २ | किड्स ग्यालेक्सी मन्टेश्वरी | १ | पूर्व प्रा. | २८ | ग्रिनउड स्कुल | ४ | पूर्वप्रा - ४ |
| ३ | होली किड्स मन्टेश्वरी | १ | पूर्व प्रा. | २९ | किडस् जोन मन्टेश्वरी | ५ | पूर्व प्रा. |
| ४ | बुद्ध स्मृति एजुकेशन फाउण्डेशन | १ | पूर्वप्रा - १० | ३० | अर्जुनधारा एकेडेमी | ५ | पूर्व प्रा. |
| ५ | क्रिएटिभ आइडियल एकाडेमी | १ | पूर्वप्रा - ८ | ३१ | सनसाइन किन्डर हाउस | ५ | पूर्व प्रा. |
| ६ | वाल्मिकी एजुकेशन फाउण्डेशन | १ | पूर्व प्रा - १२ | ३२ | टाइनी स्कॉलर प्रिस्कूल | ५ | पूर्व प्रा. |
| ७ | हर्टिनेस्ट मन्टेश्वरी स्कुल | १ | पूर्व प्रा. | ३३ | डिजनी प्ले स्कुल | ५ | पूर्वप्रा - ६ |
| ८ | चिल्ड्रेन इन्भारोमेन्ट स्कुल | १ | पूर्वप्रा - १० | ३४ | वेवीलेण्ड अंग्रेजी स्कुल | ५ | पूर्वप्रा - ३ |
| ९ | ग्रिनफिल्ड वल्ड स्मार्ट स्कुल | १ | पूर्वप्रा - ११ | ३५ | हेप्पी किड्स एजुकेशन फाउण्डेशन | ५ | पूर्वप्रा - ४ |
| १० | हिमरेश एजुकेशन एकाडेमी | १ | पूर्वप्रा - ५ | ३६ | न्युटन्स एजुकेशन एकेडेमी | ५ | पूर्व प्रा - १२ |
| ११ | मनकामना अंग्रेजी मा.वि. | १ | पूर्वप्रा - १२ | ३७ | कमनर्स होम्स फर एजुकेशन | ५ | पूर्व प्रा - १२ |
| १२ | प्राग्ना एजुकेशन फाउण्डेशन | १ | कक्षा१-५ | ३८ | टावर टेम्पल स्कूल | ५ | पूर्वप्रा - १२ |
| १३ | सहारा साकोस शिक्षा सदन | २ | पूर्वप्रा - ७ | ३९ | कन्काइ वोर्डङ इ. हाइ स्कूल | ५ | पूर्वप्रा - १२ |
| १४ | एसेन्ट एकाडेमी | २ | पूर्वप्रा - १२ | ४० | एमिटी सेकेण्डरी स्कुल | ५ | पूर्वप्रा - १२ |
| १५ | मंगलदीप एलाइड अंग्रेजी स्कुल | २ | पूर्वप्रा - ५ | ४१ | अनारमनी लिवर्टी स्कूल | ५ | पूर्वप्रा - १२ |
| १६ | निदि मा.वि. | २ | पूर्व प्रा - १२ | ४२ | कावेली इ. सेकेण्डरी स्कूल | ५ | पूर्वप्रा - १० |
| १७ | देवकुल इ. सेकेण्डरी स्कूल | २ | पूर्वप्रा - १२ | ४३ | लिटल एन्जल्स इ. स्कुल | ५ | पूर्वप्रा - १० |
| १८ | वाल कल्याण वो.से. स्कूल | २ | पूर्वप्रा - १० | ४४ | सगरमाथा आवासीय मा.वि. | ५ | कक्षा१-१० |
| १९ | लिङ्कन मन्टेश्वरी | ३ | पूर्व प्रा. | ४५ | सुनगाभा अं. स्कुल | ५ | पूर्वप्रा - ८ |
| २० | युरोकिड्स प्रि. स्कूल | ३ | पूर्व प्रा. | ४६ | मिडिल पइन्ट इ. स्कुल | ५ | पूर्वप्रा - ८ |
| २१ | लोटस प्रि स्कूल | ४ | पूर्व प्रा. | ४७ | ब्लुवेल एकेडेमी | ५ | पूर्वप्रा - ६ |
| २२ | इन्भेन्चर किन्डर हाउस | ३ | पूर्व प्रा. | ४८ | बिर्ता एजुकेशन फाउण्डेशन | ५ | पूर्वप्रा - ३ |
| २३ | विराटज्योती इ. वोर्डिङ से. स्कूल | ३ | पूर्वप्रा - १२ | ४९ | रुद्र मेमोरियल सेकेण्डरी स्कूल | ५ | पूर्व प्रा - १२ |
| २४ | नवोदय शिक्षा सदन | ३ | कक्षा१-१० | ५० | सरस्वती एन्जल्स इ. स्कुल | ६ | पूर्वप्रा - १० |
| २५ | माइभ्याली बोर्डिङ्ग स्कुल | ३ | पूर्वप्रा - ८ | ५१ | एभरेष्ट स्मार्ट एजुकेशन एकाडेमी | ६ | पूर्वप्रा - १० |
| २६ | नवोदय फनमिन इ. स्कुल | ३ | पूर्वप्रा - १० | ५२ | वेस्ट फ्युचर स्कूल | ६ | कक्षा१ - ४ |
| क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमतिप्राप्त कक्षा | क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमतिप्राप्त कक्षा |
| ५३ | ब्रुकलिन मन्टेश्वरी | ४ | पूर्व प्रा. | ६७ | तक्षाशीला एजुकेशन फाउण्डेशन | ६ | कक्षा १ - ८ |
| ५४ | पाथीभरा चाइल्ड केयर | ४ | पूर्व प्रा. | ६८ | तक्षशीला प्रोग्रेसिव इ. स्कूल | ६ | पूर्व प्रा - १० |
| ५५ | टाइनिटट्स मन्टेश्वरी | ४ | पूर्व प्रा. | ६९ | कन्चन इ. वोर्डिङ स्कुल | ७ | पूर्व प्रा - १० |
| ५६ | ब्लुमिङ बड्समन्टेश्वरी | ४ | पूर्व प्रा. | ७० | वेल्स मोडेल स्कुल | ७ | पूर्व प्रा - ११ |
| ५७ | मारिया मन्टेश्वरी | ४ | पूर्व प्रा. | ७१ | ओम विद्या मन्दिर | ८ | पूर्व प्रा. |
| ५८ | किन्डरहाउस प्रि स्कूल एण्ड डै केयर सेन्टर | ४ | पूर्व प्रा. | ७२ | ब्राइट फ्यूचर मन्टेश्वरी | ८ | पूर्व प्रा. |
| ५९ | किन्डरबेल प्ले स्कूल | ४ | पूर्व प्रा. | ७३ | सेन्ट मारीया प्रिस्कूल | ८ | पूर्व प्रा. |
| ६० | फोनिक मन्टेश्वरी | ४ | पूर्व प्रा. | ७४ | सेन्ट जेवियर्स स्कुल, देउनिया | ८ | कक्षा१ - १२ |
| ६१ | इडन गार्डेन एजुकेशन फाउण्डेशन | ४ | पूर्व प्रा - ११ | ७५ | प्रशान्ती एजुकेशन फाउण्डेशन | ८ | पूर्व प्रा - १० |
| ६२ | अवाकस् अं. वोर्डिङ स्कुल | ४ | पूर्व प्रा - ८ | ७६ | लालिगुराँस ई. स्कुल | ८ | पूर्व प्रा - १० |
| ६३ | कन्चनजङ्घा इ. से स्कुल | ४ | पूर्व प्रा - १२ | ७७ | सनराइज एजुकेशन फाउण्डेशन | ८ | पूर्व प्रा - ५ |
| ६४ | गोमेन्द्र विर्तामेडल अंग्रेजी मा.वि. | ४ | पूर्व प्रा - १२ | ७८ | सिद्धार्थ शिक्षा सदन इ. स्कूल | १० | पूर्व प्रा - ८ |
| ६५ | लिटल फ्लावर्स इ. स्कुल | ४ | पूर्व प्रा - १२ | ७९ | विष्णु भगवती अंग्रेजी वोर्डिङ स्कुल | १० | पूर्व प्रा - ८ |
| ६६ | ग्लोरी इङ्लीस वोर्डिङ स्कुल | ४ | पूर्व प्रा - १० | ८० | विराट अर्जुन इ.स्कुल | १० | पूर्व प्रा - ५ |

**सामुदायिक विद्यालयहरुको नाम,ठेगाना तथा सञ्चालित कक्षा**

| क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमति/ स्वीकृतिप्राप्त कक्षा | क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमति/ स्वीकृतिप्राप्त कक्षा |
|---|---|---|---|---|---|---|---|
| १ | देवी मा.वि. | ५ | वालविकास - १२ | ११ | शुक्रराज आ.वि. | ८ | वालविकास - ८ |
| २ | महेन्द्ररत्न मा.वि. | ३ | वालविकास - १२ | १२ | विराट आ.वि. | १० | वालविकास - ८ |
| ३ | दुर्गा मा.वि. | ९ | वालविकास - १२ | १३ | लक्ष्मी आ.वि. | ७ | वालविकास - ८ |
| ४ | विर अमरसिंह मा.वि | २ | वालविकास - १२ | १४ | जनता प्रा.वि. | ७ | वालविकास - ५ |
| ५ | महेन्द्रज्योती मा.वि. | १० | वालविकास - १२ | १५ | अनारमनी आ.वि. | ४ | वालविकास - ८ |
| ६ | साङ्गवेद संस्कृत मा.वि. | २ | कक्षा ४- १२ | १६ | लक्ष्मी नारायण प्रा.वि. | १० | वालविकास - ५ |
| ७ | मोहनमाया मा.वि. | २ | वालविकास - १२ | १७ | शहिद लक्ष्मी प्रा.वि. | ९ | वालविकास - ५ |
| ८ | पञ्चरत्न मा.वि. | २ | वालविकास - १० | १८ | चमरधाप प्रा.वि. | १० | वालविकास - ३ |
| ९ | सरस्वती मा.वि. | ६ | वालविकास - १२ | १९ | हरिहर आश्रम | ६ | कक्षा १ - ५ |
| १० | देवकोटा आ.वि. | ९ | वालविकास - ८ | २० | मदरसा तालिमुल कुरान | ३ | वालविकास - ६ |

# शहीद सुरजको स्मृति दिवस मनाइयो



भद्रपुर(प्रस) । २०६२-०६३ को दोस्रो जनआन्दोलनको क्रममा शाही सेनाको गोली लागेर सहादत प्राप्त गरेका शहीद सुरज विश्वासको १८ औं स्मृति दिवस बुधबार मनाइएको छ ।

शहीद सुरज विश्वास स्मृति शालिक निर्माण समितिले भद्रपुर-६ स्थित शहीद स्मृति पार्कमा श्रद्धाञ्जली सभा आयोजना गरी स्मृति दिवस मनाएको हो । शहीद सुरजको अर्धकदको शालिकमा माल्यार्पण गरी श्रद्धाञ्जली सभा सम्पन्न गरिएको हो ।

शालिक निर्माण समितिका अध्यक्ष गोपाल मण्डलको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै वक्ताहरूले विभिन्न जनक्रान्तिमा देशका लागि बलिदान दिएका शहीद, बेपत्ता र घाइतेहरूको योगदानलाई राज्यले भुल्न नहुनेमा जोड दिए । दोस्रो जनआन्दोलनकै कारण राजतन्त्र ढालेर देशमा गणतन्त्र र लोकतन्त्र स्थापना भएको उनीहरूले बताए । कार्यक्रमका प्रमुख अतिथि नेकपा एमालेका कोशी प्रदेश सदस्य तथा पूर्व प्रदेश सांसद बसन्त बानिया, भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेल, एमालेका जिल्ला सदस्य कालिचरण बस्नेतलगायतले मन्तव्य राखेका थिए । सोही कार्यक्रममा शहीद माता मिना विश्वासलाई सम्मान गरिएको थियो । सन्ध्या हाडाले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन वडा सदस्य प्रकाश शर्माले गरेका थिए । त्यस्तै चन्द्रगढी विमानस्थलमा सङ्गठित यातायात व्यवसायीको चन्दगढ यातायात प्रा.लि.ले शहीद सुरज विश्वासको स्मृति दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । बैशाख ६ गतेकै दिन पूर्व राजा ज्ञानेन्द्र शाहको शासनविरुद्ध दोस्रो जनआन्दोलन भएको थियो । झापाको सदरमुकाम भद्रपुर घेराउ गर्दै हजारौं प्रदर्शनकारी प्रदर्शनमा उत्रिएका थिए । सोही क्रममा तत्कालीन राजा ज्ञानेन्द्रको आदेशमा शाही सेनाले प्रदर्शनकारीमाथि गोली बर्षाएका थिए । सेनाको गोली लागेर झापाका सुरज विश्वास र राजन गिरीको निधन भएको थियो । सेना र प्रहरीको दमनमा परी दर्जनौं घाइतेसमेत भएका थिए ।

## नेपाल–भुटान...

१० करोड ८३ लाख १७ हजार रुपैयाँ अर्थात ३६ दशमलव ४३ प्रतिशले बृद्धि भएको कार्यालयले जनाएको छ । हस्तकला, तयारी पोशाक, रत्नमाला तथा जडीबुटीका उत्पादनहरू, चाउचाउ, जडीबुटीका साबुन, पेस्टजस्ता वस्तुहरूको भुटानमा उच्च माग रहेको छ । त्यस्ता मालवस्तुहरुको गुणस्तर अहिलेसम्म कायम नै रहेपनि विगतमा पश्मिना सल तथा ऊनी गलैंचामा नेपालले गुणस्तर कायम गर्न नसकेपछि रातारात बजार गुमाउनुपर्दा यी दुई देशबीच हुने व्यापारमा 'ठूलो खाडल' देखिएको छ ।

भुटानबाट आयात हुने मुख्यः मालवस्तुमा जिप्सन (सिमेन्ट उद्योगहरूमा चाहिने कच्चा पदार्थ) पहिलो नम्बरमा छ । भुटानबाट आलु आदि कृषि उत्पादन पनि नेपाल आयात हुने गर्छ । तर ती वस्तुको मात्रा अन्य वस्तुको तुलनामा कम छ । त्यस्तै धातुका अवशेषहरु, स्न्याक्स नुडल्स, चीजवल, आलु चिप्सलगायत नेपालले निर्यात गर्ने मुख्यः मालवस्तुहरु हुन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार नेपाल र भुटानबीच व्यापारसम्बन्धी पहिलो वार्ता २०१० र दोस्रो वार्ता २०११ मा भएको थियो । पहिलो र दोस्रो वार्ता भएको करिब आठ वर्षपछि तेस्रो वार्ता भएको थियो । तेस्रो वार्ताबाट भुटानसँग व्यापार सम्झौताका लागि बाटो खुलेको हो ।

व्यापार सम्झौताका लागि एउटा मस्यौदा नेपाल र भुटानलाई मान्य हुनेगरी तयार पार्ने सहमति भएको छ । नेपाल र भुटानबीचको व्यापारका लागि मुख्य नाका पूर्वी नाका काँकरभिट्टा रहेको छ । काँकरभिट्टाबाट करिब ५ घण्टाको यात्रापछि भुटान र भारतबीचको सीमा जयगाउँ-फुन्त्सोलिङ पुगिन्छ । यो नेपाल तथा भारतबाट भुटान प्रवेशका लागि मुख्यद्वार भएको व्यवसायीहरुको भनाई छ । उनीहरुका अनुसार नेपालबाट भुटान सामान निर्यात गर्दा होस् वा भुटानबाट नेपाल सामान आयात गर्दा भारतको पनि बाटो प्रयोग गर्नुपर्ने हुन्छ । नेपाल-भुटान व्यापारलाई दिगो र भरपर्दो बनाउन थुप्रै चुनौतीहरू नेपालसामु रहेको छ । जसको सम्बोधन अपरिहार्य रहेको सरोकारवालाहरुको भनाई छ ।

भुटान निर्यात हुने मालवस्तुका गुणस्तरका प्रावधानहरू अनुकूल नेपाली उत्पादनहरूलाई उपभोक्तामैत्री बनाउनु मुख्यः चुनौती रहेको बताइएको छ । भुटानले आयातमा प्रतिबन्ध लगाएको अवस्थामा नेपाली उत्पादनमा कैफियत देखिएमा भुटानले छुट दिन्छ होला भनेर नेपालले कल्पनासमेत पनि गर्न नसक्ने सरोकारवालाहरुको बुझाई छ । यी दुई देशबीच हुने व्यापारमा देखिएका चुनौतीहरु समाधान गर्ने हो भने नेपाल-भुटान द्विपक्षीय आर्थिक सम्बन्ध थप उचाइमा पुग्ने अर्थविद ज्ञानराज प्रसाईको भनाई छ ।






## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI3210000229 | रुद्रप्रसाद अधिकारी | मेचीनगर-१४ ,झापा |

# भिरबाट लडेर एक जनाको मृत्यु



झापा(प्रस) । खोटाङमा भिरबाट लडेर एक जनाको ज्यान गएको छ । बराहपोखरी गाउँपालिका-४ फाक्टाङका ५८ वर्षीय रामबहादुर राईको भिरबाट लडेर मृत्यु भएको हो ।

बराहपोखरी गाउँपालिका-५ पौवासेरास्थित आफन्तको पास्नीको भोज खाएर फर्कने क्रममा बुधबार साँझ भिरबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायब उपरीक्षक पुरुषोत्तम खड्काले बताए ।खड्काका अनुसार खोटाङ बजारस्थित इलाका प्रशासन कार्यालयबाट खटिएका प्रहरी टोलीले बिहीबार बिहान कानुनी प्रक्रिया पूरा गरी शवको पोस्टमार्टमका लागि उदयपुरको बेल्टारस्थित स्वास्थ्य चौकी पठाएको छ । घटनाबारे जानकारी आएलगत्तै बुधबार साँझै हुक्नाजोरबाट प्रहरी खटिएर घटनास्थल पुगेको डीएसपी खड्काले सुनाए ।

# तपसिलमा उल्लेखित ऋणीको धितो रहेको चल/ अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैंतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०८१/०१/०७

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र. सं. | ऋणी / व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपूस्ते बिवरण | कर्जा सूविधा | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शाखा कार्यालयः बिर्तामोड** | | |
| | **ऋणी/धितो जमानीकर्ताः** निजी तथा साझेदारी फर्म दर्ता ऐन २०७७ तथा प्रदेश औद्योगिक व्यवसाय ऐन २०७७ बमोजिम प्रदेश सरकार, प्रदेश नं. १(कोशी प्रदेश) उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा मिति २०७७/१२/०१ मा उद्योग दर्ता नं.३३६३/१०४/२२३४७ अन्तर्गत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापा जिल्ला, विर्तामोड न.पा. वार्ड नं. ०५ भै हाल सोहि स्थानमा स्थित हेयर ब्युटी नेल्सका तर्फबाट ऐ.का प्रोपाइटर रन्दल बहादुर बिश्वकर्माको नाती, खड्ग बहादुर बिश्वकर्माको छोरा, नागरिकता वमोजिम पाँचथर जिल्ला हिलिहाङ गा.पा. वडा नं. ०७ स्थायी ठेगाना भै हाल झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०५ बस्ने मिति २०५८/०१/१२ मा जिल्ला प्रशासन कार्यालय,पाँचथरबाट जारी गरिएको ना.प्र.प.नं.७४-१८६९ भएको बर्ष ४० को **सन्त बहादुर सांसकर बिश्वकर्मा ।** | **ब्यापारिक आवधिक कर्जा** | सन्त वहादुर सांसकर विश्वकर्माको नाममा भूमिसुधार तथा मालपोत कार्यलय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, पाराखोपी गा.वि.स वडा नं. ८ स्थित कि. नं. ११५५४ को क्षेत्रफल ०–०–७.५–० बि.क.धु.क. (सात दशमलव पाच धुर)जग्गा र सोजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | **व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीनपुस्ते विवरण** | | |
| | नाम :-दिपा कटुवाल<br>बाबू :- गणेश वहादुर कटुवाल<br>पति :- मिलन शंकर<br>ना प्र नः- ०३–२–०४८/११९९ (इलाम)<br>ठेगानाः- इलाम जिल्ला, गोर्खे गा.वि.स वडा न. १ स्थायी ठेगाना भै हाल हाल झापा जिल्ला, विर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने । | नाम :-मिलन शंकर<br>बाबु :- खड्ग वहादूर विश्वकर्मा<br>बाजे :- रन्दल बहादुर विश्वकर्मा<br>ना प्र नं :- ०२/०२१०१३/८४७ (पाँचथर)<br>ठेगाना :- पाँचथर जिल्ला, भारपा गा.वि.स वडा नं. ०८ स्थायी ठेगाना भै हाल झापा जिल्ला विर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने । | |

| क्र. सं. | ऋणी / व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपूस्ते बिवरण | कर्जा सूविधा | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शाखा कार्यालयः सोमबारे** | | |
| | **ऋणी/धितो जमानीकर्ताः** छत्र बहादुर विश्वकर्माकी छोरी, संगित कुमार डंगोलकी पत्नी, नागरिकता बमोजिम झापा जिल्ला भद्रपुर न.पा. वडा नं. १२ स्थायी ठेगाना भै हाल झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. ५, बस्ने मिति २०५७/०१/२५ मा जिल्ला प्रसाशन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.नं ११८०२६१६ भएको बर्ष ४० की **उषा कुमारी विश्वकर्मा ।** | **व्यक्तिगत आवधिक कर्जा र आवास कर्जा** | उषा कुमारी विश्वकर्माको नाममा मालपोत कार्यालय भद्रपुर,झापामा दर्ता कायम रहेको झापा जिल्ला भद्रपुर न.पा.वडा नं.१२, स्थित कित्ता नं.२२४ को क्षेत्रफल १६९.३० (व.मि.) सो जग्गामा निर्मित एक तल्ले घर र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ।<br>संगित कुमार डंगोलको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला भद्रपुर न.पा. वडा नं. १२ स्थित कित्ता नं.२५३ को क्षेत्रफल ११२.८९ (व.मि.) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत । |
| | **जमानीकर्ताहरुः** | | |
| | **ब्यक्तिगत/धितो जमानीकर्ताः**<br>नाम : संगित कुमार डंगोल<br>बाबु : बद्री सिंह डंगोल<br>बाजे : काल्चा सिं डंगोल<br>ठेगानाः झापा जिल्ला भद्रपुर न.पा. वार्ड नं. १२ स्थायी ठेगाना भई हाल झापा जिल्ला भद्रपुर न.पा. वडा नं. ५ बस्ने । | **ब्यक्तिगत जमानीकर्ताः**<br>नाम : सुशान्त डंगोल<br>बाबु : संगित कुमार डंगोल<br>बाजे : बद्री सिंह डंगोल<br>ठेगानाः झापा जिल्ला भद्रपुर न.पा. वार्ड नं. ५ स्थायी ठेगाना भई हाल साही स्थानमा बस्ने । | |

| क्र. सं. | ऋणी / व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपूस्ते बिवरण | कर्जा सूविधा | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शाखा कार्यालयः सोमबारे** | | |
| | **ऋणी/धितो जमानीकर्ताः** गंगा बहादुर तामाङकी छोरी, संजय गिरीकी पत्नी नागरिकता वमोजिम झापा जिल्ला पृथ्वीनगर गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भै हाल झापा जिल्ला भद्रपुर न.पा. वडा नं.२ बस्ने मिति २०६९/०७/२३ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०४-०१-६९-०८४०९ भएको बर्ष ३३ की **सुनिता गिरी** | **आवाश कर्जा** | सूनिता गिरीको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला,पृथ्वीनगरगा.वि.स.वडा नं.०६ स्थित कि.नं.५४३ को क्षेत्रफल ५०७.९० वर्ग.मी. जग्गा (सो जग्गामा निर्मित पक्की घर) र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| | **व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीनपुस्ते विवरण** | | |
| | नाम : दिलराम गिरी<br>बाबु : महेन्द्र गिरी<br>बाजे : श्रीमान गिरी<br>ना.प्र.नं.: ६६४/९६९ (इलाम)<br>ठेगानाः इलाम जिल्ला समालबुङ गाउ पञ्चायत वडा नं. ३, हाल झापा जिल्ला भद्रपुर न.पा. वडा नं.२ बस्ने | नाम : अमृतमाया गिरी<br>बाबु : जयनारायण प्रधान<br>पति : दिलराम गिरी<br>ना.प्र.नं.०९७० (इलाम)<br>ठेगानाः इलाम जिल्ला समालबुङ गाउ पञ्चायत वडा नं.३, हालस्झापा जिल्ला भद्रपुर न.पा. वडा नं.२ बस्ने | |

**शर्तहरुः–**

1. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
2. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
3. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
4. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
5. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
6. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
7. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
8. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
9. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
10. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
11. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सत्यता छानबिन होस्

उपप्रधान तथा गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि सहकारी ठगीको आरोप लागेको निकै भयो। प्रहरीको छानबिन प्रतिवदेनले लामिछाने दोषी भएको ठहर गरेपनि उनीमाथि सोधपुछसमेत गरेको छैन। तर,सहकारी ठगी प्रकरणका विषयमा सत्तारुढ गठबन्धनका शीर्ष नेताहरुबीच छलफल भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल, एमाले अध्यक्ष केपी शर्मा ओली र उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेबीच बिहीबार अपरान्ह सिंहदरबारमा छलफल भएको हो।

बैठकमा सहकारी ठगी प्रकरणमा कांग्रेसले उठाएका प्रश्नहरुबारे गृहमन्त्री लामिछानेसँग दाहाल र ओलीले चासो राखेका थिए।

लामिछानेले यसबारे आफ्नो कुनै कमजोरी नभएको भन्दै कांग्रेसले राजनीतिक मुद्दा बनाएको तर्क गरेका थिए। सहकारी प्रकरणमा संलग्न भएको भन्दै कांग्रेसले उपप्रधान तथा गृहमन्त्री लामिछानेको राजीनामा माग्ने तयारी गरिरहेका बेता तीन नेताबीच छलफल भएको हो।

प्रमुख प्रतिपक्ष कांग्रेसले सहकारी ठगी प्रकरणमा लामिछानेमाथि संसदीय छानविन समिति गठन हुनुपर्ने माग गरिरहेको बेला सरकारले संसद् अधिवेशन अन्त्य गरेको थियो। कांग्रेसले आगामी बजेट अधिवेशनमा समेत यो विषयलाई निरन्तरता दिने बताइसकेको छ।

प्रतिपक्ष कांग्रेसले गोर्खा मिडिया प्रालिको प्रवन्ध निर्देशकका हैसियतले सहकारी ठगी प्रकरणमा संलग्न भएको तथ्य देखिएको उल्लेख गर्दै समीकरण जोगाउन छानविन समिति गठन गर्न तयार नभएको बताएको छ। लामिछानेले गोर्खा मिडिया नेटवर्क प्रालिको प्रबन्ध निर्देशक बन्ने प्रयोजनका लागि आर्थिक स्रोत जुटाउन सुप्रिम सहकारीको दुई करोड बचत अपचलन गरिएको प्रहरी प्रतिवेदनबाटै छर्लङ्ग हुन्छ। त्यति मात्र होइन, बुटवलको सुप्रिम सहकारीबाट मात्र करिब १४ करोड गोर्खा मिडिया नेटवर्कमा सार्दा लामिछाने कम्पनीको प्रबन्ध निर्देशक रहेको दस्ताबेज पनि प्रतिवेदनमा समावेश भएको छ। तर, लामिछाने भने प्रबन्ध निर्देशक (सञ्चालक) पनि कर्मचारीसरह हो भन्ने भाष्य प्रचार गरेर सर्वसाधारणलाई गुमराहमा पार्न सकिन्छ कि भन्ने ध्याउन्नमा लागेका देखिन्छन्। सेयरधनी सञ्चालक भनेको कम्पनीको निर्णयाधिकारी हो जो कम्पनीका हरेक नीति र निर्णयका लागि जवाफदेही हुन्छ। 'माथि जेसुकै लेखिएको भए पनि यो कानुन रवि लामिछाने सञ्चालक प्रबन्ध निर्देशक रहे पनि कर्मचारीसरह नै हुनेछन्' भनेर नेपालको कानुनमा कहींकतै लेखिएको भेटिएको छैन। त्यस्तो कानुन बन्ने परिकल्पना गर्न नसकिने भएकाले लामिछानेले उन्मुक्ति पाउने परिकल्पना गर्न पनि असम्भव छ।




# राजन र सुरजले शहादत प्राप्त गरेको त्यो दिन



• लोकराज ढकाल

०६२-०६३ को जनआन्दोलन उत्कर्षमा पुगेको थियो। देशभरि जनआन्दोलनमा होमिएका आमनागरिक र सुरक्षाकर्मीबीच झडप र मुठभेडका सयौं घटनाहरु दिनदिनै सार्वजनिक भइरहेका थिए। हुकुमी शासनको कठोर नियन्त्रणमा मुलुक बन्दी भएर रहेको थियो। बर्बर दमन र कठोर नियन्त्रणमा आम नागरिकहरु जिउन बाध्य थिए। शासनसत्ता केवल एक व्यक्ति वा एक परिवारको अधिनमा थियो। शासकहरु जनताप्रति त्यसबेला उत्तरदायी हुन आवश्यकतै महसुस गर्दैनथे। नितान्त स्वेच्छाचारी शासन कायम थियो। हरेक तहमा असमानता, अन्याय र अत्याचार व्याप्त थियो। सम्पूर्ण देशवासीले सर्वथा अपेक्षित एवम् निरीह रैतीको रुपमा रहनुपरेको थियो। जनताको प्रतिनिधिमूलक कुनै निकाय थिएन। अन्य जनपक्षीय आधार र संरचनाहरु पनि निरीह बनिसकेका थिए। अनेक विषमता विकार र विकृतिको लामो शृङ्खलामा मुलुक पुरिएको भान हुन्थ्यो। यी र यस्ता अनेकन कारणले आन्दोलनकारीहरु वार कि पारको मनस्थितिमा देखिन्थे। लोकतान्त्रिक सुदृढ र सक्षम राष्ट्रको परिकल्पना गर्दै अघि बढेका आन्दोलनकारीहरुलाई तत्कालीन सरकारको चरम दमन, क्रुर र अपमानजनक क्रियाकलापले कुनै असर पारेको देखिँदैनथ्यो, बरु राज्यसत्ताको त्यस व्यवहारले आन्दोलनमा ऊर्जा थपेको भान हुन्थ्यो। उनीहरुलाई जीवनको कुनै पर्वाह थिएन। लोकतन्त्रको स्थापना, त्यसपछि सबैलाई समान न्याय, समान अवसर, समान हक र समुन्नत राष्ट्रको परिकल्पनाबाहेक अरु कुनै सोच नै थिएन।

सायद यसै सोच र बिचारले होला, देशभरिझैं झापामा पनि आन्दोलनले नयाँ उचाइ प्राप्त गर्दै थियो। लाखौं झापालीहरुले सडक तताइरहेका थिए। आन्दोलनमा सबै होमिएका थिए। ०६३ चैतको अन्तिम सातादेखि झापाको भूमि आन्दोलनको रापले तातेको थियो। प्रचण्ड गर्मीको पर्वाह नगरी परिवर्तनको उत्कट चाहना बोकेका झापालीहरुले दमक, बिर्तामोड, धुलाबारी, काँकरभिट्टालगायतका मुख्य शहरहरु र सुदूर गाउँबस्तीहरुसम्म समेत क्रान्तिको विगुल बजाएका थिए- बजाउँदै थिए। दमक जेसीजले राजतन्त्र कि गणतन्त्र भनेर नमूना मतदान सम्पन्न गरेको थियो। बिर्तामोडमा सात दलले जनसभामार्फत आम झापालीहरुलाई जनआन्दोलनको पक्षमा उभ्याइरहेका थिए। पत्रकार महासंघले चन्द्रगढी र काँकरभिट्टामा प्रेस स्वतन्त्रता र नागरिक अधिकारको वकालत गर्दै कलमका अलावा भौतिक रुपमै आन्दोलनको शंखनाद गरिसकेको थियो। जिल्लाका सबै राजनीतिक दल तिनका भ्रातृ संगठन, ट्रेड युनियनहरु पेशागत संघ-संगठनहरु सामाजिक र अधिकारवादी संस्था समेत आन्दोलनकै असीम मोर्चामा थिए।

यसैक्रममा ०६२ चैत ३० गते झापाको सदरमुकाम चन्द्रगढीमा सात दलको आह्वानमा गरिएको पेशागत तथा कर्मचारी संघ-संगठन र ट्रेड युनियनद्वारा आयोजित जनप्रदर्शनको क्रममा सुरक्षाकर्मीले लाठी र बुट प्रहार गरी बर्बरतापूर्वक दमन गर्यो। त्यसबेला ३० जना लोकतान्त्रिक पक्षधर योद्धाहरु घाइते भए (नाम रेडक्रससँग छ) उनीहरुलाई रेडक्रसकर्मीको रुपमा हामीले उद्धार गर्यौं। मेची अस्पतालमा भर्ना गरियो। हात भाँचिएको, खुट्टा भाँचिएको, टाउको फुटेको अवस्थामा रहेका ती योद्धाहरुको उद्धार तथा उपचारको व्यवस्था मिलाउने क्रममा हामी थियौं। स्थलगत प्राथमिक उपचार र अस्पतालसम्म पुर्याउने दायित्वबोध गर्दै हामी क्रियाशील थियौं। त्यसपछि बैशाख महिनाको आगमनसँगै देशभरि नै आन्दोलनले निर्णायक मोड लिने अनुमान सबैलाई हुन थाल्यो।

तत्कालीन प्रशासन हतास र गैरजिम्मेवार देखिन्थे, सुरक्षा निकायका उच्च व्यक्तिहरुमा बढी अहम्ता थियो। राजनीतिक नियुक्ति पाएकाहरु जनताका पक्षमा नभएर जनदमनका हिमायती देखिन्थे। उनीहरुमा सहानुभूति, सद्भाव, सहिष्णुता, संवेदनशीलता, दया, माया, प्रेम जस्ता सद्गुणको अभाव देखिन्थ्यो। अहंकार, द्वेष, राग, इर्श्या, कलह, वैमनश्यताजस्ता दुर्गुण हाबी भएकोले होला विध्वंशक र घातक निर्णय गर्दै आफ्नो अहंको पिपासालाई मेट्न शस्त्रास्त्रको प्रयोग गर्नेतर्फ उद्धत रहे। सन्दर्भः ०६३ बैशाख ६ गतेको हो। आन्दोलनको नेतृत्व गरेका सात दलले तीन, चार दिनअघि नै बैशाख ६ गतेको विशाल बिरोधसभा र चन्द्रगढी घेराउको घोषणा गरिसकेका थिए। ६ गते बिहानै म घरबाट निस्केर बिर्तामोडतिर लागें। बाटोमा मानवसागर उर्लेको थियो। बिर्तामोडबाट भद्रपुर पुग्न मलाई मोटरसाइकलमा लगभग डेढ घण्टा लागेको थियो, आन्दोलनमा सहभागी हुन हिँडेकाहरुको भीडले। म रेडक्रस कार्यालय पुगें र मनमनै सोचें, आज म हिजो अस्तिजस्तै आन्दोलनकारीको रुपमा प्रस्तुत हुनुभन्दा, प्राथमिक उपचारकको





रुपमा प्रस्तुत हुनुपर्छ, स्थिति भयावह हुँदैछ। आन्दोलनकारी उद्देश्य प्राप्ति गरेर छोड्ने मनस्थितिमा सडकमा उत्रिएका थिए। प्रशासन र सुरक्षा निकाय आज जे पनि हुनसक्छ भन्दै भय र त्रास देखाउँदै थियो। सडकमा छेकबार लगाइएको थियो। सुरक्षा निकायको उपस्थिति डरलाग्दो देखिन्थ्यो। उनीहरु भित्रैका केही उदारवादी सुरक्षाकर्मीहरु तपाईहरुको तयारी राम्रो गर्नुहोस् भन्दै पनि थिए। यसैक्रममा मैंले सिडीओ भोलाप्रसाद शिवाकोटीलाई फोन गरें- 'हामी एउटा प्राथमिक उपचार टोलीका साथ तैनाथ हुँदैछौं' सिडिओले नजिकैकासँग केहीबेर सल्लाह गरे र जवाफ दिए, अनावश्यक काम नगर्नुस्, तपाईंहरु आउनु पर्दैन। केही छिन 'छलफल' भयो। त्यसबेला सम्ममा सातदलका केही प्रमुख नेताहरु हाम्रो परिसरमा आइसकेका रहेछन्।

आन्दोलनको १९ दिन,
देशका सबै रेडक्रसका कार्यालयहरु लोकतन्त्रप्रेमीहरुका लागि झण्डै-झण्डै आश्रयस्थलकै रुपमा रहेको थियो। सिडीओ र तत्कालीन अञ्चल प्रशासकले अनुमति दिएनन्। तर, मैले चारवटै जेनेभा महासन्धीको साझा धारा ३ को व्यवस्थाको बारेमा बताएँ, साथै काठमाडौंमा र देशका अन्यत्र स्थानमा रेडक्रसले गरिरहेको राहत तथा उद्दार कार्यको बारेमा पनि बताएँ, तर उनीहरु मेरो भनाईमा 'सहमत' भएनन्। जेनेभा महासन्धीको धारा ३ मा सशस्त्र द्वन्द्वको बेलामा रेडक्रसले बिना रोकटोक मानवीय उद्धारको कार्य गर्न पाउने व्यवस्था छ। हामी त्यही ब्यवस्था बमोजिम मानवीय उद्दार गर्नुपर्छ भन्ने निष्कर्षमा पुग्यौं। प्रशासकले अनुमति नदिएर नै होला हाम्रो कार्यसमितिमा उद्दार कार्यमा जाने कुरामा मतैएक्यता भएन। यति बेलासम्म दिनको लगभग १२ः०० बजिसकेको थियो। अन्ततः प्रशासनको रोकावट र आफ्नै सहकर्मीको असमन्जस्यताका बाबजुद प्राथमिक उपचारमा खटिने र आन्दोलन भइरहेको क्षेत्र चन्द्रगढीमा जाने निर्णय गर्यौं हामीले। सो निर्णयको प्रायः सबैले समर्थन गरे, त्यो निर्णय अत्यन्तै जोखिमपूर्ण थियो। तर पनि पदीय जिम्मेवारीक्रम अनुकूल नै थियो। सायद त्यो दिन यो निर्णयमा नपुगेको भए हामी कहाँ हुन्थ्यौ र नेपाल रेडक्रस सोसाइटी झापाको छवि र गरिमा कता भासिने थियो होला ? त्यो कल्पना पनि गर्न सकिँदैन।

प्राथमिक टोली र राहत उद्दार
हामी शुरुमा ७/८ जना रेडक्रसकर्मी एउटा एम्बुलेन्स लिएर मेची रंगशाला नजिकैको जिविस सभापति क्वार्टर पछाडि पुग्यौं। टोलीको नेतृत्व म आफैंले गरेको थिएँ। अरु छ वटा एम्बुलेन्स र १८/२० जना प्राथमिक उपचारक सहयोगी रेडक्रस अफिसमै 'स्ट्याण्डवाई' राखेका थियौं। स्थिति भयावह थियो। सयौं सुरक्षा सशस्त्र तैनाथ थिए। बर्दी बेगरका सुरक्षाकर्मी पनि छ्याप्छ्याप्ती थिए। हामीसँग रेडक्रसको ठूलो झण्डा र हामी सबैले एप्रोन लगाएर प्राथमिक उपचार बाकस बोकेका थियौं। हामी पुग्दा जिविस गेटअघि आन्दोलनकारी र सुरक्षाकर्मीबीच अत्यन्तै तनाव थियो। पत्रकारहरु अत्यन्तै जोखिम मोल्दै आफ्नो जिम्मेवारी निर्वाह गर्दै थिए। जेनेभा महासन्धीको पहिलो आलेखको धारा ७९ मा पत्रकारको संरक्षणका उपायहरुका बारेमा उल्लेख गरिएको भएता पनि हरेक आन्दोलनहरुमा नेपालका पत्रकारहरु अत्यन्तै असुरक्षित हुन्छन्, त्यहाँ पनि त्यस्तै थियो। म आफै पनि गोरखापत्रको झापा समाचारदाताको रुपमा १० वर्षदेखि काम गर्दै आएको भएता पनि एकमहिना अघि मलाई हटाइएको थियो। चन्द्र भण्डारीको नेतृत्वमा कञ्चनजंघा एफएमले साहसिक र ऐतिहासिक काम गर्यो त्यो दिन। ज्यानको पर्वाह नगरी सम्बद्ध पत्रकारहरु प्रत्यक्ष प्रसारण गर्दै थिए, सोही प्रसारणकै प्रभावले बेलुकीसम्म पनि गाउँबाट मानिसहरु सदरमुकामतर्फ आउनेक्रम निरन्तर चलिरहेको थियो। प्रत्यक्ष प्रसारणले आन्दोलनलाई ऊर्जा थप्ने काम भइरहेको थियो। अन्य पत्रकारहरु पनि जोखिम मोल्दै अग्रपंक्तिमा रहेर रिपोर्टिङ गरिरहेका थिए। पत्रकार भीम नेम्बाङलाई दुई हप्ताअघि नै मैले सल्लाह दिएको थिएँ, तपाईले जनआन्दोलनका सवै दृश्यहरु क्यामेरामा कैद गर्नुहोस् है पछि बृत्तचित्र बनाउनुपर्छ। उहाँ पनि जोखिम मोलेर त्यो काममा लगनशीलताका साथ क्रियाशील हुनुहुन्थ्यो। उहाँले त्यो बृत्तचित्र बनाएर पछि विभिन्न ठाउँमा प्रदर्शन पनि गर्नुभयो। 'जनआन्दोलनको १९ दिन झापा' नामक त्यो बृत्तचित्र ऐतिहासिक छ। काठमाडौंका दृश्य पनि त्यसमा समेटिएको छ। भावी पुस्ताहरुका लागि त्यो बृत्तचित्र ऐतिहासिक र उपयोगी हुन सक्छ। बाटो विराएका नेताहरुलाई राखेर त्यो क्यासेट कहिलेकाहीं देखाउन पाए चेत फर्कन्थ्यो कि ?

यसैक्रममा सुरक्षाकर्मीले आन्दोलनकारीमाथि अन्धाधुन्ध लाठीचार्ज गर्यो, आन्दोलन दबाउन सयौं सेल अश्रुग्यास हान्यो। तर, आन्दोलनकारीहरु पछि हटेनन् ,डटेर सामना गरिनै रहे। लोकतान्त्रिक नारा गुञ्जाउने काम जारी रह्यो। सुरक्षा घेरा तोड्दै प्रशासन कार्यालय जाने प्रयास र प्रयत्न गरिनै रहे। अपरान्ह डेढ बजेतिर हाम्रो अघि सुरक्षाकर्मी आयो। हामीलाई कराएर भन्यो 'रेडक्रस सुत' पहिलोपटक हामीले वास्ता गरेनौं तर बन्दुक हामीतिरै सोझ्याएर दोस्रोपटक (सायद कमाण्डर होला)-उसले फेरि भन्यो- 'रेडक्रस सुत' सायद त्यो कमाण्डरलाई जेनेभा महासन्धीको बारेमा थाहा थियो होला। आन्तरिक होस् वा बाह्य सशस्त्र संघर्षको बेलामा चिकित्सककर्मी, रेडक्रसकर्मी, सञ्चारकर्मी र आत्मसमर्पण गरेका व्यक्तिलाई निशाना बनाउनु हुँदैन भन्ने कुरा।

प्राथमिक उपचारको सिद्धान्त छ,क्भउतथ ाष्चकत (सुरक्षा प्रथम), हामीले सम्झियौं, हामी सबैजना भुइँमा सुत्यौ। हामी माथिबाट गोलीको वर्षा छुट्यो निकै लामो समयसम्म। गोली छुट्न छोडेपछि हामीले प्राथमिक उपचार गर्न थाल्यौं, भद्रपुर बिजुली अफिस नजिकै हाम्रो प्राथमिक उपचारको शिविर थियो। धेरैलाई उपचार गर्यौं केही व्यक्तिलाई गोली लागेको थियो धेरैलाई रबरको गोली लागेको थियो, हात, खुट्टा भाँचिएका, टाउकोमा, मेरुदण्डमा चोट लागेका धेरै थिए। गर्न सक्ने प्राथमिक उपचार घटनास्थलमै गर्यौं र गम्भीर प्रकृतिका बिरामीलाई मेची अञ्चल अस्पताल पुर्याउने काम गर्यौं। तर, आन्दोलन झन् तात्दै गयो, बारम्बार गोली चल्न थाल्यो जब गोली चल्छ, सबैजसो आन्दोलनकारी रेडक्रसकै झण्डामुनी आउँथे र झण्डा तानातान गर्थे, यो क्रम चलिनै रह्यो। यसबेलासम्म हाम्रो प्राथमिक उपचार टोलीमा ५० को हाराहारीमा सदस्यहरु पुगिसकेका थिए। रेडक्रसका ७ वटा र अन्य गरी १० वटा एम्बुलेन्स हाम्रो मातहतमा आइसकेका थिए।

हामी उपचारका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ-संस्था(ग्ल, क्ष्ऋच्ऋ, ल्च्ऋक ल्त्त आदि)-संग निरन्तर सम्पर्कमा थियौ। लाग्दै थियो १८५९ को सल्फेरिनोको युद्ध, जहाँ हेनरी ड्यूना पुगेका थिए (१५४ वर्षअघि) ४० हजार मान्छे घाइते भएका र १२ हजारभन्दा बढी मानिस सिर्फ १६ घण्टाको युद्धमा मारिएका थिए। त्यो युद्धको कल्पना गर्ने स्थितिमा थियो वैशाख ६ को चन्द्रगढीको त्रासदीपूर्ण अवस्था।

गोलीहरु चलिरहेका थिए २ः३० तिर अचानक पुनः एकैचोटी धेरै गोली चल्यो, धेरै मानिसहरु ढले, राजन गिरी, सुरज विश्वास, गोविन्दप्रसाद कडरिया, गोपाल श्रेष्ठ, सिन्धु उप्रेती, पूर्णबहादुर ढकाल, पुस्तक नेपाल, तोयानाथ पोखरेल, सन्तोष ढकाल, यामप्रसाद निरौला, प्रेम चौधरी, देवी बराल, चन्द्रकला बराल, सुरेश खड्का, यतिराज ढुंगाना, गणेश उप्रेती, रोशन निरौला, विष्णु प्रसाईलगायतका अन्य धेरै व्यक्तिहरुलाई गोली लाग्यो। हामी उद्धारमा सक्रिय थियौं, हाम्रो एम्बुलेन्सले सयौं चोटी घाइतेलाई मेची-अञ्चल अस्पताल पुर्याउने काम गर्यो, अस्पतालभित्र राखेर उपचार सम्भव थिएन, युद्धमा घाइते भएकाहरुको संख्या बढिरहेको थियो। बाहिर भुइँमा रेडक्रसको त्रिपाल ओछ्याएर बिरामी राख्यौं, स्वतःस्फूर्त रक्तदान कार्यक्रम चल्न थाल्यो। बिरामीको अवस्था बिग्रन नदिने र अस्पताललाई हस्तान्तरण गर्ने हाम्रो दायित्व थियो, यो क्रम चलिनै रह्यो। जटिल अवस्थाका घाइतेलाई हामीले प्राथमिकता दिनुपर्ने तर सामान्य अवस्थाका घाइतेले हामीलाई बढी प्रेसर दिइरहेका थिए। यद्यपि हामीले विरामीको संवेदनशिलता र प्राथमिकताका आधारमा गोली लागेकाहरुलाई नै पहिला उद्धार गरिरहेका थियौं।

हामीले भेट्दा सुरज विश्वासले शहादत प्राप्त गरिसक्नु भएको थियो।राजन गिरी प्रहरी कार्यालय अगाडि छटपटाइरहनु भएको थियो। म र बद्रीबहादुर कार्कीले केही प्रहरीको सहयोगमा उठाएर राजनलाई एम्बुलेन्समा हाल्यौं रक्तस्राव अत्यधिक थियो, रोक्ने प्रयास गर्यौं। शरीर क्षतविक्षत थियो, अन्ततः हाम्रो प्रयास असफल भयो, क्याम्पसमोड नजिक पुग्दा उहाँले मेरै काखमा अन्तिम श्वास लिनुभयो। तर, त्यतिञ्जेल राजन गिरीलाई मैले पहिचान गरिसकेको थिइनँ। सुरज र राजनको शव अस्पतालभन्दा अलिक पर कुरुवा घर नजिक राखियो। घैलाडुब्बाका केदार शमशेर गिरीले २/३ घण्टापछि भन्नुभयो- लोकराज जी ! 'गोलीप्रहारबाट मर्ने त्यो अर्को व्यक्ति त हाम्रो केटो पो रहेछ', त्यसअघि नै सुरज विश्वासको पहिचान भइसकेको थियो। हामी राति १२ बजेसम्म मानवीय सेवामै तल्लीन रह्यौ। यसक्रममा हामीले स्थलगत रुपमा ४ सय ५० जना घाइतेको प्राथमिक उपचार गर्यौं। एम्बुलेन्समार्फत गोली लागेका गम्भीर घाइतेलाई ५७ 'ट्रीप' सिलगढी, विराटनगर, धरान पठाउने काम गर्यौं। मेची अस्पतालमा उपचारार्थ भर्ना भएका र सामान्य उपचारपछि घर फर्काउन सकिने घाइतेहरुलाई रातभरि नै आ-आफ्नै घर पुर्याउने काम गर्यौं। उद्धारकै क्रममा हामीले झापाका तत्कालीन प्रहरी उपरीक्षक केशरीराज घिमिरेलाई पनि अस्पताल ल्यायौं, उहाँलाई घुँडा मुन्तिर गोली लागेको थियो। शुरुमा उहाँले जान मान्नु भएन, त्यो मानव सागर अस्पताल र रेडक्रसतर्फ ओइरिएको थाहा पाएर होला वा सुरक्षाका हेतुले होला तर हामीले अर्कै बाटोबाट लान्छौं भनेपछि उहाँ तयार हुनुभयो। २०६४ मा म लामो समय विरामी भएर धरानमा आइसियु(कोमा)-मा बस्दा उहाँ विराटनगर रानीमा दङ्गा प्रहरीमा हुनुहुन्थ्यो। उहाँ र पूर्वाञ्चलका डिआइजीसंगै मलाई हेर्न आउनुभएको थियो। उहाँहरुले मलाई सहयोग पनि गर्नुभयो। उहाँकै नजिकको नाता पर्ने सर्जन डा. राजेन्द्र रेग्मी (२०४७ का संविधान निर्माता स्व. मुकुन्द रेग्मीका छोरा) त्यसपछि अत्यन्तै तल्लिनताका साथ मेरो उपचारमा खटिनुभयो। संयोगले मेरा जीवनका १२ वटा अप्रेशनमध्ये चारवटा उहाँले नै गर्नुभयो।

अस्पतालको पछाडिको गेटबाट माथि लगेर चिकित्सकलाई देखाएपछि उहाँलाई पुनः प्रहरी कार्यालयमा पुर्याइदियौं। त्यसबेला मेची अञ्चल प्रहरी कार्यालयमा एसएसपी राणा थरका थिए। उनी अस्पतालमा घाइते हेर्न हो वा एसपीलाई हेर्न हिंडेका जान नसकेर अस्पतालमोडबाटै फर्किए। राति अबेर ११ बजेतिर प्रहरी कार्यालयमा चिकित्सकसहित गएर पुनः एसपी र सोहीदिन घाइते भएका अन्य १२ जना प्रहरीको पनि उपचार गराएका थियौं। रेडक्रस निष्पक्ष र तटस्थ मानवीय संस्था भएका कारण आस्था, विचार र अन्य कुनै प्रकारको भेदभाव नगरी सहयोग पुर्याउनु पर्छ। रेडक्रसका सात सिद्धान्तमध्ये तटस्थताको मान्यता नै त्यही हो। त्यसैले हामीले लोकतन्त्र प्राप्ति तथा देशको सुदृढ भविष्यका लागि तत्कालीन राज्यसत्ताविरुद्ध लडेका र राज्यसत्ताको 'नून' खाएर सत्ता सञ्चालकको आदेशका भरमा 'नूनको सोझो गरिरहेका सुरक्षा संयन्त्रका पदाधिकारी' दुबैको उद्धार गर्यौं, प्राथमिक उपचार गर्यौं। बिर्तामोड चिठ्ठा काण्डमा आन्दोलनकारी र प्रहरी दुबैथरीलाई प्राथमिक उपचार गर्दा हामीमाथि हातपात भएको थियो। यस्तै भुटानी शरणार्थीहरुको स्वदेश फिर्ती अभियानमा मेची पुलमा पनि प्राथमिक उपचार गर्दा दुर्व्यवहार भएको थियो। तर, हामीले जे सुकै भए पनि निष्पक्षता र तटस्थताको अनुशरण गरेरै छोड्यौं, अब पनि गर्नेछौं र गरिरहने छौं।

( नेपाल रेडक्रस सोसाइटी झापाका सभापति ढकालको यो लेख सान्दर्भिक भएर पुनः प्रकाशित गरिएको हो- सम्पादक।)

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

# INTERIM FINANCIAL STATEMENTS AS ON CHAITRA 30, 2080

**Excel Development Bank Limited**
**Condensed Statement of Financial Position**
**As on quarter end 30 Chaitra, 2080 (12 April, 2024)**

The Bank
Figures in NPR

| Particulars | This Quarter Ending | Immediately Previous Year Ending |
|---|---|---|
| Assets | | |
| Cash and Cash Equivalents | 1,725,645,386.34 | 3,669,587,326.74 |
| Due from Nepal Rastra Bank | 500,079,487.03 | 130,458,846.54 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to BFIs | 437,747,053.79 | 241,854,799.84 |
| Loans and Advances to Customers | 10,710,455,043.45 | 10,628,519,215.19 |
| Investment Securities | 2,388,133,878.82 | 922,302,105.92 |
| Current Tax Assets | 47,812,794.05 | 1,403,882.24 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investment Property | 308,711,211.18 | 308,711,211.18 |
| Property and Equipment | 247,056,359.76 | 253,137,435.31 |
| Goodwill and Intangible Assets | 2,375,423.00 | 3,155,806.80 |
| Deferred Tax Assets | - | 7,886,269.74 |
| Other Assets | 30,070,778.52 | 27,941,594.23 |
| **Total Assets** | **16,398,087,415.95** | **16,194,958,493.73** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | 210,804,275.36 | 427,942,688.21 |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 13,998,695,618.97 | 13,767,426,638.57 |
| Borrowings | - | - |
| Current Tax Liabilities | - | - |
| Provisions | 5,000.00 | 2,786,137.34 |
| Deferred Tax Liabilities | 69,362,295.06 | - |
| Other Liabilities | 224,746,919.96 | 228,834,778.01 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **14,503,614,109.36** | **14,426,990,242.14** |
| **Equity** | | |
| Share Capital | 1,249,694,470.93 | 1,249,694,470.93 |
| Share Premium | 9,545,605.56 | 9,545,605.56 |
| Retained Earnings | (83,152,090.47) | (12,058,091.12) |
| Reserves | 718,385,320.56 | 520,786,266.23 |
| **Total Equity Attributable to Equity Holders** | **1,894,473,306.58** | **1,767,968,251.59** |
| Non Controlling Interest | - | - |
| **Total Equity** | **1,894,473,306.58** | **1,767,968,251.59** |
| **Total Liabilities and Equity** | **16,398,087,415.95** | **16,194,958,493.73** |

**Excel Development Bank Limited**
**Condensed Statement of Profit or Loss**
**For the quarter ended 30 Chaitra, 2080 (12 April, 2024)**

The Bank
Figures in NPR

| Particulars | Current Year | | Previous Year Corrosponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 343,198,344.48 | 1,112,011,156.07 | 469,478,540.45 | 1,290,234,632.42 |
| Interest Expense | 228,865,426.94 | 791,677,173.60 | 285,807,997.36 | 838,927,698.41 |
| **Net Interest Income** | **114,332,917.54** | **320,333,982.47** | **183,670,543.09** | **451,306,934.01** |
| Fee and Commission Income | 17,537,403.81 | 58,723,072.14 | 17,757,827.02 | 54,155,662.48 |
| Fee and Commission Expense | 2,850,380.26 | 7,458,201.62 | 4,004,184.54 | 7,957,603.97 |
| **Net Fee and Commission Income** | **14,687,023.55** | **51,264,870.52** | **13,753,642.48** | **46,198,058.51** |
| **Net Interest, Fee and Commisson Income** | **129,019,941.09** | **371,598,852.99** | **197,424,185.57** | **497,504,992.52** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | (35.84) | 117,021.67 | 45,836.97 | 765,039.74 |
| **Total Operating Income** | **129,019,905.25** | **371,715,874.66** | **197,470,022.54** | **498,270,032.26** |
| Impairment Charge / (Reversal) for Loans and Other Lossess | 42,369,432.86 | 203,992,517.91 | 93,009,334.88 | 181,511,728.43 |
| **Net Operating Income** | **86,650,472.39** | **167,723,356.75** | **104,460,687.66** | **316,758,303.83** |
| Personnel Expenses | 39,239,531.91 | 128,937,612.73 | 42,010,445.88 | 131,850,234.08 |
| Other Operating Expenses | 23,627,961.31 | 70,363,388.04 | 22,379,123.36 | 69,753,885.30 |
| Depreciation & Amortisation | 7,579,521.72 | 22,163,952.22 | 8,088,672.40 | 22,885,304.35 |
| **Operating Profit** | **16,203,457.45** | **(53,741,596.24)** | **31,982,446.02** | **92,268,880.09** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | - | - | 990,253.83 | 28,043,928.60 |
| **Profit Before Income Tax** | **16,203,457.45** | **(53,741,596.24)** | **30,992,192.19** | **64,224,951.49** |
| Income Tax Expense | | | | |
| Current Tax | - | - | 9,297,657.66 | 19,267,485.45 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Period** | **16,203,457.45** | **(53,741,596.24)** | **21,694,534.53** | **44,957,466.05** |
| **Profit Attributable to:** | - | | | |
| Equity-holders of the Bank | 16,203,457.45 | (53,741,596.24) | 21,694,534.53 | 44,957,466.05 |
| Non-Controlling Interest | - | - | - | - |
| **Profit (Loss) for the Period** | **16,203,457.45** | **(53,741,596.24)** | **21,694,534.53** | **44,957,466.05** |
| **Earnings per Share** | | | | |
| Annualized Basic Earnings per Share | | (5.73) | | 4.80 |
| Annualized Diluted Earnings per Share | | (5.73) | | 4.80 |
| **Condensed Statement of Other Comprehensive Income** | | | | |
| **Profit (Loss) for the Period** | **16,203,457.45** | **(53,741,596.24)** | **21,694,534.53** | **44,957,466.05** |
| **Other Comprehensive Income, Net of Income Tax** | **(22,270,475.43)** | **180,246,651.22** | **(978,994.50)** | **(16,465,850.49)** |
| **Total Comprehensive Income for the Period** | **(6,067,017.98)** | **126,505,054.97** | **20,715,540.03** | **28,491,615.56** |

**Excel Development Bank Limited**
**Ratios as per NRB Directive**

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | - | 12.31% | - | 13.13% |
| Non-Performing Loan(NPL) to Total Loan | - | 7.30% | - | 8.92% |
| Total Loan Loss Provision to Total NPL | - | 82.76% | - | 55.61% |
| Cost of Funds | - | 6.35% | - | 9.35% |
| Credit to Deposit Ratio | - | 80.32% | - | 83.22% |
| Base Rate | - | 9.20% | - | 12.00% |
| Interest Rate Spread | - | 4.59% | - | 4.92% |

**Excel Development Bank Limited**
**Statement of Distributable Profit**
**For the quarter ended 30 Chaitra, 2080 (12 April, 2024)**
**(As per NRB Regulation)**

| Particulars | Current Year Up to This Quarter (YTD) | Previous Year Corresponding Quarter (YTD) |
|---|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **(53,741,596.24)** | **44,957,466.05** |
| **Appropriations:** | | |
| a. General reserve | - | (8,991,493.21) |
| b. Foreign exchange fluctuation fund | (258.29) | (9,712.28) |
| c. Capital redemption reserve | - | - |
| d. Corporate social responsibility fund | - | (449,574.66) |
| e. Employees' training fund | (1,917,846.48) | (5,696,725.47) |
| f. Other | - | 654,869.52 |
| **Profit or (loss) before regulatory adjustment** | **(55,659,701.01)** | **30,464,829.94** |
| **Regulatory adjustment :** | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | (23,320,568.09) | (96,228,032.28) |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | - | (72,653,672.81) |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | 7,886,269.74 | 1,844,751.76 |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | - | - |
| h. Acturial loss recognised (-)/reversal (+) | - | - |
| i. Other (+/-) | - | - |
| **Net profit for the quarter end 30th Chaitra 2080 availiable for distribution** | **(71,093,999.35)** | **(136,572,123.39)** |
| **Opening Retained Earning as on Shrawan 01, 2080** | **(12,058,091.12)** | **150,240,135.04** |
| Adjustment (+/-) | | |
| **Distribution :** | | |
| Bonus Share Issued | - | (97,902,331.82) |
| Cash Dividend Paid | - | (5,152,754.31) |
| **Total distributable profit or (loss) as on 30th Chaitra 2080** | **(83,152,090.48)** | **(89,387,074.48)** |
| Annualised Distributable Profit/loss per Share | (8.87) | (9.54) |

**Notes to the Interim Financial Statements**

| | |
|---|---|
| 1 | The above financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and in the format prescribed by Nepal Rastra Bank and certain Carve-outs issued by Institute of Chartered Accountants of Nepal (ICAN). |
| 2 | Previous period figure have been regrouped / rearranged/ restated wherever necessary. |
| 3 | Loans and Advances are presented net of impairment charges. |
| 4 | Provision for gratuity and leave have been provided for as per estimates by management.Hence, actuarial gain/loss has not been separately disclosed and will change as per Actuary Report. |
| 5 | Above figures are subject to change upon otherwise instructions of Statutory Auditor and/or Regulatory Authorities. |
| 6 | The detailed Interim Report has been published in the Bank's Website. |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४, नियम २६ को उपनियम (१) संग सम्बन्धित**

## आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विश्लेषण**

(क) आ.व. २०८०/८१ को तेस्रो त्रयमासको अपरिष्कृत वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ। यस वित्तीय संस्थाको सम्बन्धित पक्षवीच कारोवार रहेको छैन।

(ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| अनुपातहरु | | | |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी (वार्षिक) | रु (५।७३) | पि.ई. अनुपात (वार्षिक) | रु (६३।६४) |
| प्रतिशेयर नेटवर्थ | रु १५१।५९ | तरलता अनुपात | २८।९२ |
| प्रतिशेयर कूल सम्पत्ती | रु १,३१२।१७ | | |

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) यस बैंकले आ.व.२०८०/८१ मा व्यवसायिक योजनानुसार बैंकको निक्षेप एवं कर्जा कारोबारमा यथोचित वृद्धि गर्दै लैजाने, बैंकको ग्राहक सेवा स्तरमा वृद्धि गरिने, व्यवसायीक विकासका लागी नयाँ शाखाहरु खोल्ने एवं भैरहेको शाखाहरुको स्तर वृद्धि गर्दै लैजाने नीति रहेकोमा सोही अनुसार कामहरु भईरहेका छन्।

(ख) हाल देखिएको कर्जा प्रवाहमा संकुचन तथा कर्जा असूलीमा समेत समस्या उत्पन्न भई बैंकको समग्र नाफा तथा वितरणयोग्य नाफामा प्रत्यक्ष प्रभाव पर्न गएको छ।

३. **कानूनी कारवाही सम्बन्धि विवरण:**

(क) यस त्रयमास अवधिमा यस संस्थाको विरुद्ध चेक बाउन्ससँग सम्बन्धित कालोसूचीको प्रकृया अवलम्बन नर्गनका लागि एउटा मुद्दा दायर भएको छ।

(ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा सस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **शेयर कारोबार सम्बन्धि विश्लेषण :**

(क) देशको समष्टिगत शेयर बजारको कारोबारमा उतारचढाब आई यस बैंकको शेयर कारोबार पनि खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको।

(ख) शेयर कारोबार तर्फ यस त्रैमासको कारोबार (नेपाल स्टक एक्सचेञ्ज लि. को वेव साइट अनुसार)

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु ३९९।७० | न्यूनतम मूल्य | रु ३३४।५० |
| अन्तिम मूल्य | रु ३६४।९० | कुल कारोबार शेयर संख्या | ९,९८,९७४ |
| जम्मा कारोबार दिन | ५८ | | |

५. **समस्या तथा चुनौती:**

(क) बैंक तथा वित्तीय संस्थाहरुको बाक्लो र बढ्दो उपस्थिती एवं एक-आपस विचको तिब्र प्रतिस्पर्धाको कारणले यस बैंकको व्यापारमा प्रभाव परेको छ।

(ख) समय समयमा नियामक नियकायबाट जारी निर्देशनहरुको कार्यान्वयन गर्नेक्रममा बैंकको आम्दानीमा संकुचन भएको छ।

बर्तमान असहज परिस्थतीमा समेत यस बैंकले उपयुक्त व्यवसायिक नीति लिई ग्राहकहरुको सदाझै यस बैंक प्रति रहि आएको विश्वासमा अभिवृद्धि गराई समग्र कारोवारमा संन्तोषजनक रुपमा वृद्धि गरी सुदृढ तरलताको स्थिति तथा खुद मुनाफा बृद्धि गर्न प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्दै गएको छ। बैंकले नयाँ सेवाहरुको आवश्यकतालाई महसुस गरि आधुनिक बैंकिङ्गका बिबिध प्रबिधिहरुलाई आत्मसात गर्दै आएको छ।

६. **संस्थागत सुशासन:**

यस बैंक सर्वसाधारण जनताको पहुँच भित्र रहेको र बैंकले लक्षित गरेको ग्राहकहरु पनि यसै समुह भित्र भएकाले ग्राहकहरुको बैंक प्रतिको विश्वासलाई कायम राख्न एवं विश्वासमा वृद्धि गरि संस्थालाई सवल, नियमित र पारदर्शी ढंगले चाल्नु पर्ने सत्यतालाई आत्मसात गरी नियमनकारी निकाय नेपाल राष्ट्र बैंक लगायत अन्य सबै निकायहरुका निर्दीष्ट नियमहरु एवं अन्य प्रचलीत नियम कानुनको परिधी भित्र रही यस बैंकको कारोबार स्वच्छ रुपमा संचालन भई आएको छ। साथै बैंकले सुशासन कायम राख्दै संचालन जोखिमहरु कम गरी कारोबारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति नियम तथा निर्देशिकाहरुको तर्जूमा गरी लागु गरीएको, आन्तरिक लेखा परीक्षण समितिको बैठक र आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई समिति तथा लेखापरिक्षकवाट प्राप्त सुझावहरु कार्यान्वयन तथा समिक्षा गर्ने गरिएको तथा तदानुसार आवश्यक सुधारका कार्यहरु गर्ने गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।